अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रामारोशन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:०२ संख्या: १९ मिति: २०७९/०९/२४

**भाग-२**

**रामारोशन गाउँपालिका**

## रामारोशन गाउँपालिकाको बाल अधिकार समिति गठन, व्यवस्थापन तथा परिचालन कार्यविधि, २०७९

CS CamScanner

# रामारोशन गाउँपालिकाको बाल अधिकार समिति गठन, व्यवस्थापन तथा परिचालनन कार्यविधी-२०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/२४ गते

<u>प्रस्तावनाः</u>

रामारोशन गाउँक्षेत्र भित्र रहेका बालबालिकाहरुको अधिकारका सवालहरुलाई उजागर गरी सामाजिक विकासका विविध क्षेत्रहरुमा मुल प्रवाहिकरण गर्ने तथा गाउँपालिका क्षेत्रको भविष्यलाई सुरक्षित गर्न बालअधिकारको सुरक्षाको लागि कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ र रामारोशन गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ को व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाको यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भः १ यो कार्यविधिको नाम रामारोशन गाउंपालिकाको बाल अधिकार समिति बाल संजाल समिति गठन व्यव्थापन तथा परिचालन कार्यविधि २०७९ रहेको छ । यो कार्यविधि कार्यपालिका बाट स्वीकृत गरि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

(२) परिभाषाः विषय वा प्रसंङगले अर्को अर्थ नलागेमा कार्यविधिमा

(१) बालबालिका भन्नाले १८ वर्ष पुरा नभएका व्यक्तिलाई सम्झनु पर्दछ ।

(२) ऐन भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ तथा रामारोशा गाउँपालिकाको प्रशासकिय गतिविधि नियमित गर्न वनेको ऐन २०७५ लाई समेत सम्झनु पर्दछ ।

(३) कार्यपालिका भन्नाले रामारोशन गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(४) अध्यक्ष भन्नाले रामोशन गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(५) उपाध्यक्ष भन्नाले रामारोशन गाउँपालिका को उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(६) कार्यपालिका सदस्य भन्नाले रामारोहन गाउँकार्यपालिका सदस्यलाई सम्झनु पर्दछ ।

(७) प्रमुख प्रशासकिय अधिकृत भन्नाले रामारोशन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

... बहादुर भण्डारी
... अधिकृत

(८) सम्वन्धित शाखा भन्नाले रामारोशन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको महिला बाल्वालिका तथा जेष्ठ नागरिक शाखालाई सम्झनु पर्दछ ।

(९) समिति भन्नाले यस कार्यविधि अनुसार गठित वालअधिकार समितिलाई सम्झनु पर्दछ ।

(१०) बालअधिकार भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय ऐन नियम तथा सन्धि सम्झौताले तोकेको बालबालिकाको अधिकार सम्झनु पर्दछ ।

(११) वडा अध्यक्ष भन्नाले रामारोशन गाउँपालिका अन्तरगतका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(१२) वडा सदस्य भन्नाले रामारोशन गाउँपालिका अन्तरगतका वडा कार्य समितिका सदस्यहरुलाई सम्झनु पर्छ ।

(१३) सामाजिक संस्था भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामुलक बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थालाई सम्झनु पर्दछ ।

(१४) निजि संस्था भन्नाले प्रचलित कानुन वमोजिम दर्ता भई स्थापना भएको नाफामुललक संस्था तथा कम्पनिलाई सम्झनु पर्दछ ।

(१५)संजाल समिति भन्नाले यस कार्यविधि वमोजिम गठित वाल संजाल समितिहरुलाई सम्झनु पर्दछ ।

(१६) संरक्षक समिति भन्नाले यस कार्यविधि बमोजिम गठित वाल संरक्षण समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद २

**रामारोशन गाउँ बालअधिकार समितिको गठन तथा काम कर्तव्य र अधिकार:**

(३) रामारोशन गाउँ बालअधिकार समितिमो गठनः (१) रामारोशन गाउँ क्षेत्र भित्रको बालअधिकारको विषय उठान गर्न तथा बारअधिकार सम्वन्धी अन्य कार्यहरु प्रभावकारी रुपमा संचालन गर्न गराउन रामारोशन गाउँ वाल अधिकार समितिको गठन कार्यपालिकाको वैठकले गर्नेछ ।

२) उपदफा १ बमोजिम गठन हुने समितिमा देहायबमोजिमका २५ सदस्यहरु रहने छनः

(१) उपाध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्यः अध्यक्ष

(२) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(३) कार्यपालिका सदस्यहरु मध्यवाट गाउँपालिका अध्यक्षले तोकेको दलित सदस्य -सदस्य

(४) ७ वटै वडा अध्यक्षहरु -सदस्य

(५) रामारोशन गाउँक्षेत्रको पत्रकार महासंघको प्रतिनिधि -सदस्य

(६) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(७) शिक्षा शाखा प्रमुख -सदस्य

(८) शिक्षक महासंघ प्रतिनिध -सदस्य

(९) गाउँपालिका अध्यक्षले तोकी पठाएका गाउँस्तरीय बालक्लवका बालक वा बालिका १ जना

CamScanner

सदस्य

(१०) ईलाका प्रहरी कार्यालय रामारोशन प्रमुख वा प्रतिनिधि -सदस्य

(११) गाउँ क्षेत्रमा काम गर्ने गै.स.स प्रतिनिधि -सदस्य

(१२) सम्वन्धित शाखा प्रमुख - सदस्य सचिव

**(४) समितिको बैठक सम्वन्धी व्यवस्थाः**

(१) अध्यक्षले तोकेको मिति समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) कम्तीमा ३ महिनाको एक पटक समितिको बैठक बस्नेछ समितिको सदस्य सचिवले समितिको बैठक वस्ने मिति समय र स्थान अध्यक्षको निर्देशन अनुसार तोकी छलफल हुने विषयसुची सहितको लिखित जानकारी बैठक बस्ने समय भन्दा २४ घण्टा अगावै सबै सदस्यहरुले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिमा ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गण पुरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा २ र ३ मा जतिसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले गाउँपालिका अध्यक्षसंग समन्वय गरी जुनसुकै बेलापनि बैठक बोलाउन सक्नेछ र यस्तो अवस्थामा अध्यक्ष र घटीमा एक जना सदस्य सहित सचिव उपस्थित हुनुपर्नेछ ।

(५) समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमत द्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्कता अनुसार सम्वन्धित निकाय वा संघ संस्थामा प्रतिनिधि वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्वन्धित अन्य मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी जिम्मेवार पुर्वक सुरक्षित राख्नेछ ।

(१०) पदाधिकारीहरुको बैठक भत्ता गाउँ कार्यपालिकाले तोके बमोजिम नै रहने छ ।

**(५) समितिको काम कर्तव्य र अधिकारः रामारोशन गाउँ वाल अधिकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) बालअधिकार सुचक फारमको आधारमा गाउँ क्षेत्र भित्रका बालबालिकाको तथ्याङ्क र सूचना संकलन गर्ने अध्यावधिक गर्ने र आवश्यता अनुसार वितरण गर्ने ।

(२) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने तथा अन्तरिम संरक्षण गर्ने गराउने ।

(३) बालअधिकार संरक्षण र प्रवर्धनका निमित्त चेतना अभिवृदी जागरण सिर्जना गराउने

CamScanner

(४) बाल अधिकारका निमित्त विकासका साझेदार तथा जिल्ला स्तरका अन्य निकायहरु वीच समन्वय गर्ने र बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने ।

(५) बालअधिकार हनन भएका घटनाहरुका सम्वन्धमा जानकारी प्राप्त गर्ने र कानुनी कार्वाहीमा आवश्यक सहयोग गर्ने

(६) बाल संरक्षण गर्ने गराउने

(७) रामारोशन गाउपालिसकाको क्षेत्रमा संचालन भएका कार्यक्रमहरु विच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने

(८) स्थानीय संघ संस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श सुझाव दिने ।

(९) संघीय र प्रदेश स्तरीय बालअधिकार समिति संग समन्वय गरि कार्यक्रम संचालन गर्ने गराउने ।

(१०) बालअधिकार सम्वन्धि बार्षिक कार्ययोजना तयार गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

(११) बार्षिक कार्यक्रम कार्यन्वयनको प्रगति प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने ।

## वडा स्तरीय बालअधिकार समितिको काम गठन तथा काम कर्तव्य र अधिकार

(६) वडा स्तरीय बाल समिति गठन: १ रामारोशन गाउँपालिकाको वडा तहमा बालअधिकारको क्षेत्रमा काम गर्ने प्रत्येक वडामा वडा कार्य समितिको बैठकले वडा स्तरीय बाल अधिकार समिति गठन गर्नेछ ।

(२) उपदफा १ बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका बढिमा ९ जना सदस्यहरु रहने छन:

(१) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य- अध्यक्ष

(२) वडा समितिका सदस्यहरु -सदस्य

(३) वडा अध्यक्षले तोकी पठाएका वडा स्तरीय बाल क्लवका प्रतिनिधि बालक र बालिका गरी २ जना -सदस्य

(४) वडा अध्यक्षले तोकि पठाएको शिक्षक प्रतिनिधि- सदस्य

(५) वडा सचिव - सदस्य सचिव

## (७) वडा स्तरीय बाल अधिकार समितिको बैठक सम्वन्धि व्यवस्था:

(१) अध्यक्षले तोकेको मिति समय र स्थानमा समितिको बैठक बस्नेछ

(२) समितिको बैठक कम्तीमा तीन महिनाको एक पटक बस्नेछ समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति समय र स्थान तोकी बैठकमा छलफल हुने विषयको सूची सहितको लिखित सूचना बैठक बस्ने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै सम्पुर्ण सदस्यले पाउनेगरि पठाउनु पर्नेछ ।

(३) समितिका ५० प्रतिशत भदा वढी सदस्य उपस्थित भएमा बैठकको लागि गुणस्तर संख्या पुगेको

मानिने छ ।

(४) उपदफा २ र ३ मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै वेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटिमा एक जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक अध्यक्षको अध्यक्षतामा वस्नेछ ।

(६) समितिको निर्णय वहुमत द्वारा हुनेछ र मत वरावर भएमा अध्यक्षले निर्णायक मत देखाउने छ ।

(७) समितिले आवश्यकता अनुसार सम्वन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी सुरक्षित रुपमा राख्नेछ ।

**(८) वडा स्तरिय बालअधिकार समितिको काम कर्तव्य र अधिकार:**

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) वडा क्षेत्र भित्रका वालबालिकाको तथ्याङ्क र सूचना संकलन गर्ने तथा अध्यावधिक गर्ने गराउने

(२) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका वालबालिकाको पहिचान गर्ने र वडा कार्यालयमा सिफारिस गर्ने

(३) वालअधिकार संरक्षण र सम्बर्धनका निमित्त चेतना अभिवृदि तथा जागरण सिर्जना गर्ने गराउने

(४) बाल अधिकार हनन भएका घटनाहरु सम्वन्धमा जानकारी प्राप्त गर्ने र कानूनी कार्वाहिमा आवश्यक सहयोग गर्ने

(५) वडा स्तरमा संचालन भएका कार्यक्रमहरु विच समन्वय गर्ने र कार्यक्रमलमई प्रभावकारी बनाउन सहयोग गर्ने

(६) स्थानीय संघ संस्थालाई बालवालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने किसिमको कार्यक्रम संचालन गर्नको लागि आवश्यक परामर्श तथा सुझाव दिने ।

(७) वडा स्तरमा हुने बालविवाहका घटनाहरुको निगरानी गर्ने तथा सम्वन्धित पक्षलाई आवश्यक सुझाव तथा परामर्श दिने ।

(८) वाल अधिकार सम्वन्धि बार्षिक कार्ययोजना तयार गरी वडा कार्यालयमा पेश गर्ने

(९) कार्यक्रम कार्यान्वयनको बार्षिक प्रगति प्रतिवेदन वडा कार्यसमिति मार्फत गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने

राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद ४

## गाउँ स्तरीय बाल संजाल समितिको गठन तथा काम कर्तव्य र अधिकार:

(९) गाउँ स्तरीय बाल संजाल समितिको गठन: रामारोशन गाउँपालिका क्षेत्रमा क्रियाशिल रहने गरी अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्यको अध्यक्षतामा हुने बाल भेलाको गाउँ पालिका स्तरिय बाल संजाल समिति गठन गर्नेछ

२ उपदफा १ बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका १५ सदस्यहरु रहने छन

(१) भेलाले सर्वसम्वत रुपमा चयन गरेको १ जना -अध्यक्ष

(२) भेलाले बहुमतबाट चयन गरेको कम्तिमा ६ जना बालबालिका सहित १३ जना -सदस्य

(३) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा हेर्ने कर्मचारी -सदस्य सचिव

## (१०) गाउँपालिका स्तरीय बाल संजाल समितिको बैठक सम्बन्धी व्यवस्था:

(१) अध्यक्षले तोकेको मिति समय र स्थानमा समितिको बैठक बस्नेछ

(२) समितिको बैठक कम्तीमा तिन महिनाको एक पटक बस्नेछ समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति समय र स्थान तोकी बैठकमा छलफल हुने विषयको सुचि सहितको लिखित सुचना बैठक बस्ने समय भन्दा ४८ घण्टा अगावै सम्पुर्ण सदस्यले पाउनेगरी पठाउनु पर्नेछ ।

(३) समितिमा ५० प्रतिशत भन्दा वढि सदस्य उपस्थित भएमा बैठकको लागि गुणपुरक संख्या पुगेको मानिन्छ

(४) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी सुरक्षित रुपमा राख्नेछ ।

(५) पदाधिकारीहरुको बैठक भत्ता कार्यपालिका बैठकले तोके अनुसार नै हुनेछ ।

## (११) गाउँपालिका स्तरीय बाल सञ्जाल समितिको काम कर्तव्य र अधिकार:

(१) बालबालिकाको तथ्यांक र सुचना संकलन गर्ने तथा अध्यावधिक गर्ने गराउने कार्यमा सहजीकरण गर्ने

(२) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने र वडा कार्यालयमा सिफारिस गर्ने कार्यमा सहजिकरण गर्ने

(३) बालअधिकार संरक्षण र सम्वर्धनका निमित्त चेतना अभिबृदि तथा जागरण सिर्जना गर्ने गराउने कार्यमा सहजिकरण गर्ने ।

(४) बाल अधिकार हनन भएका घटनाहरुका सम्बन्धमा जानकारी प्राप्त गर्ने र कानुनी कार्वाहीमा आवश्यक सहयोग गर्ने ।

(५) गाउँ क्षेत्रमा संचालन भएका कार्यक्रमहरु विच समन्वय गर्ने र कार्यक्रमहरु वीच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यमा सहजिकरण गर्ने ।

(६) गाउँ क्षेत्रमा हुने बालविवाहका घटनाहरुको निगरानी गर्ने तथा सम्वन्धित पक्षलाई आवश्यक

राम बहादुर भण्डारी

CamScanner

सुझाव तथा परामर्श दिने

(७) गाउँ बाल अधिकार समिति तथा गाउँ कार्यपालिकाको कार्यालय संगको समन्वयमा चेतनामुलक कार्यक्रम तथा प्रतियोगिताहरु संचालन तथा व्यवस्थापन गर्ने

(८) गाउँ बाल अधिकार समितिको निर्देशन अनुसारको काम कारवाही गराउने

वडा स्तरीय वाल सञ्जाल समितिको काम कर्तव्य र अधिकार

(१२) वडा स्तरिय बाल संजाल समितिको गठनः १ रामारोशन गाउँपालिकाको वडा क्षेत्रमा क्रियाशिल रहने गरि वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको अध्यक्षतामा हुने बाल भेलाको समवन्धित वडा स्तरिय बाल संजाल समिति गठन गर्नेछ ।

(२) उपदफा १ बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका सात ७ सदस्यहरु रहनेछन:

(१) भेलाले सर्वसम्वत रुपमा चयन गरेको १ जनाः अध्यक्ष

(२) भेलाले बहुमतबाट चयन गरेको कम्तीमा ३ जना बालिका सहित ५ जनाः सदस्य

(३) वडा सचिव वा निजले तोकेको वडा कर्मचारीः सदस्य सचिव

(१३) वडा स्तरीय बाल संजाल समितिको बैठक सम्बन्धि व्यवस्थाः

(१) अध्यक्षले तोकेको मिति समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको बैठक कम्तिमा तिन महिनाको एक पटक बस्नेछ समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति समय र स्थान तोकी बैठकमा छलफल हुने विषयको सुचि सहित लिखित सुचना बैठक बस्ने समय भन्दा कम्तिमा ४८ घण्टा अवागै सम्पुर्ण सदस्यले पाउनेगरी पठाउनु पर्नेछ ।

(३) समितिमा ५० प्रतिशत भन्दा बढी मान्छे उपस्थित भएमा बैठकको लागि गण पुरक संख्या पुगेको मानिने छ ।

(४) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी सुरक्षित रुपमा राख्ने छ ।

(१४) वडा स्तरिय बाल संजाल समितिको काम कर्तव्य र अधिकारः

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(१) बालबालिकाको तथ्यांक र सुचना संकलन गर्ने तथा अध्यावधिक गर्ने गराउने कार्यमा सहजिकरण गर्ने ।

(२) विषेस हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने र वडा कार्यालयमा सिफारिस गर्ने कार्यमा सहजिकरण गर्ने ।

(३) बालअधिकार संरक्षण र सम्वर्धनका निमित्त चेतना अभिवृद्धी तथा जागरण सिर्जना गर्ने गराउने कार्यमा सहजिकरण गर्ने ।

(४) बाल अधिकार हनन भएका घटनाहरुका सम्वन्धमा जानकारी प्राप्त गर्ने र कानुनी कार्वाहीमा

आवश्यक सहयोग गर्ने ।

(५) वडा स्तरमा संचालन भएका कार्यक्रमहरु बिच छलफल गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यमा सहजिकरण गर्ने ।

(६) वडा क्षेत्रमा हुने बाल विवाहका घटनाहरुको निगरानी गर्ने तथा सम्वन्धित पक्षलाई आवश्यक सुझाव तथा परामर्श दिने ।

(७) वडा वाल अधिकार समिति तथा वडा कार्यालय संगको समन्वयमा चेतनामुलक कार्यक्रम तथा प्रतियोगिताहरु संचालन तथा व्यवस्थापन गर्ने ।

(८) वडा बालअधिकार समितिको निर्देशन अनुसारको काम कार्वाही गर्ने गराउने ।

<u>(१५) विधालय स्तरिय बाल संरक्षण समिति गठन गर्न सकिने:</u>

(१) विधालय व्यवस्थापन समितिको प्रमुख आथित्यमा र विधालयका प्रधानाध्यापकको अध्यक्षतामा भएको विधालय स्तरिय बाल भेलाको ९ देखि १५ सदस्यिय विधालय स्तरिय वालसंरक्षण समिति गठन गर्न सकिनेछ ।

(२) उपदफा १ बमोजिम गठित समितिको वैठक आवशयकता अनुसार वस्नेछ

(३) विधालयक्षेत्रमा बालवालिकाको अवस्थालाई निगरानी गरि विधालय परिवारलाई सहयोग गर्नु समितिको प्रमुख कर्तव्य हुनेछ

(४) समितिको काम कर्तव्य र अधिकार समितिले तोके वमोजिम हुनेछ

परिच्छेद ६

बचाउ र खारेजी

(१६) रामारोशन गाउँक्षेत्रमा यस अघि बाल अधिकार सम्वन्धि भएका कार्वाहिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(१७) यस कार्यविधिको दफा तथा उपदफा प्रदेश र संघीय कानुन संग वाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

प्रमाणिकरण मितिः २०८०।०२।११

आज्ञाले,

राम बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner